तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
M/s Taragaon Regency Hotels Ltd.

HYATT REGENCY

बौद्ध, काठमाडौं, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(१) सँग सम्बन्धित अनुसूची-१४
बमोजिमको आ.व. २०८०।०८१ को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन

१. वित्तीय विवरणः

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणः**

यस आ.व.२०८०।०८१ को द्वितीय त्रैमासिक अवधि १७ जुलाई, २०२३ देखि ३१ डिसेम्बर २०२३ सम्मको वैधानिक लेखापरीक्षण हुनु पूर्वको अपरिष्कृत वित्तीय विवरण तथा गत आ.व. २०७९।०८० को सोही अवधिको वैधानिक लेखापरीक्षण हुनु पूर्वको वित्तीय विवरणको तुलनात्मक वित्तिय विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु निम्नानुसार रहेका छन् :**

प्रमुख वित्तीय सूचांकहरु	आ.व. २०८०।०८१ को द्वितिय त्रैमासिक अवधिको अन्त्यमा (लेखापरीक्षण नभएको)	गत आ.व. २०७९।०८० को द्वितिय त्रैमासिक अवधिको अन्त्यमा (लेखापरीक्षण नभएको)
प्रति शेयर आम्दानी/(नोक्सानी)	९.६३	५.६३
प्रति शेयर नेटवर्थ	१४५.६४	१३३.०८
P/E ratio	९५.५७	६९.४८
प्रति शेयर कुल सम्पत्तिको मूल्य	२१८.७६	१९१.३२
तरलता अनुपात	१.९८	१.८५

२. व्यवस्थापकीय विश्लेषणः

(क) आ.व. २०८०।०८१ को द्वितिय त्रैमासिक अवधि २०८० कात्तिक, मँसिर र पौष महिना समेत ३ महिनामा होटलमा पर्यटकीय व्यवसायिक गतिविधि तथा क्रियाकलापहरु सुधारात्मक रहेको छ । नेपाल सरकार अध्यागमन विभागको तथ्यांक अनुसार समिक्षा अवधिको अक्टोबर महिनामा २,९९,४७३ जना, नोभेम्बर महिनामा २,३७,२६० जना, डिसेम्बर महिनामा १,५८,५६० जना गरी कुल ६,९५,२९३ जना पर्यटकहरु हवाई मार्गबाट नेपाल भित्रिएका छन् भने आ.व. २०७९।०८० को सोही अवधिमा कुल ५,२६,४६२ जना यात्रुहरु हवाई मार्गबाट नेपाल भित्रिएका थिए । यस तथ्यांकलाई विश्लेषण गर्दा हवाईमार्गबाट आउने पर्यटकहरुको संख्या गत वर्षको सोही अवधिको तुलनामा यस अवधिमा २६.३७ प्रतिशतले वृद्धि भएको छ र नेपालको पर्यटक क्षेत्र क्रमशः सवल हुँदै गएको छ ।

(ख) आ.व. २०८०।०८१ को द्वितिय त्रैमासिक अवधिको अन्त्य अर्थात ३१ डिसेम्बर २०२३ सम्मका वित्तीय विवरणहरु अधिल्लो आर्थिक वर्ष २०७९।०८० को सोही अवधिसँग तुलानात्मक रुपमा विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा १४ प्रतिशतको महत्वपूर्ण वृद्धि भएको छ । गत आ.व. २०७९।०८० को द्वितिय त्रैमासिक समिक्षा अवधिमा कुल आम्दानी रु. ६२.४३ करोड, कर्मचारी बोनस, CSR र कर अघिको खुद नाफा रु. १३.४८ करोड रहेकोमा यस आ.व. २०८०।०८१ को द्वितिय त्रैमासिक समिक्षा अवधिमा होटलको व्यवसायमा उल्लेख्य वृद्धि भएको हुँदा समिक्षा अवधिमा कुल आम्दानी रु ८.९५ करोडले बढेर रु ७१.४२ करोड हुन गई कर पछिको खुद नाफा रु. १८.१६ करोड रहेको छ ।

(ग) आ.व. २०८०।०८१ को आगामी त्रैमासिक अवधिमा विश्वका अर्न्तराष्ट्रिय वायुसेवा प्रदायक एयरलाई्नसहरुका अर्न्तराष्ट्रिय व्यवसायिक उड्डानहरु नियमित रुपमा संचालित रहेको परिप्रेक्ष्यमा नेपालको पर्यटनले पनि तिव्रता लिने र यस कम्पनीको व्यवसायिक गतिविधिहरुमा समेत उल्लेख्य अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

(घ) प्रतिस्पर्धी बजारमा आफुलाई अग्र स्थानमा कायम राखी राष्ट्र उपलब्ध स्रोत तथा साधनहरुको समुचित उपयोग गर्दै ग्राहक केन्द्रित सेवा रणनीति अपनाई ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय सेवा सुविधाहरु उपलब्ध गराई आम्दानीलाई उल्लेख्य सुधार गर्ने र खर्चहरुमा मितव्ययीता अपनाई कटौती तथा नियन्त्रण गरि नाफामा सुधार प्राप्त भएको छ ।

(ङ) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा प्रतिकुल परिस्थितिमा समेत कार्य गर्न सक्ने कार्य कौशलता, रणनीतिक कार्यक्षमता, र व्यवस्थापकीय सुझबुझका साथ व्यवसायिक कार्य सम्पादन गर्ने कार्य दक्षताको कारण कम्पनीको मौज्दात, कार्यशील पूँजी र तरलतालाई अवस्था सन्तोषजनक रहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरणः

(क) यस आ.व. २०८०।०८१ को द्वितिय त्रैमासिक अवधिमा कम्पनीले कुनै विरुद्ध मुद्धा दायर गरेको छैन र कम्पनीको विरुद्धमा कुनै मुद्दा दायर भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

(ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

(ग) हालसम्म कम्पनीको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः

(क) शेयर कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ । शेयर कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार रहेको छः

विवरणहरु	आ.व. २०८०।०८१ को द्वितिय त्रैमासिक अवधि	आ.व. २०७९।०८० को द्वितिय त्रैमासिक अवधि
अधिकतम मूल्य रु.	९७९.२०	४११.४०
न्यूनतम मूल्य रु.	६४०	३१३.६०
अन्तिम मूल्य	९२०	३९१
कारोबार भएको कुल दिन	५१	५०
कुल कारोबार संख्या	४,४८४	१४६८
कुल कारोबार शेयर संख्या	६,९७,३३४	३,७९,८६१

५. समस्या तथा चुनौतीः

(क) समस्या तथा चुनौतीहरुः

(१) **आन्तरिक समस्याहरुः** यस कम्पनीमा आन्तरिक कुनै पनि समस्या रहेको छैन ।

(२) **बाह्य समस्याहरुः**

- पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक उतार चढाव तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी हुने यात्रा प्रतिकुलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभाव ।
- देशमा नयाँ नयाँ पाँच तारे होटलहरु खुलेसँगै प्रतिस्पर्धा बढेको तर त्यसै अनुरुप गुणस्तरीय पर्यटक आगमनमा वृद्धि नहुनु ।
- पर्यटन सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती नहुनु, सर्वसुलभ यातायातको सुविधा नहुनु ।
- विदेशी मुद्राको विनिमयमा भईरहने उतार चढाव ।
- अप्रत्यासित रुपमा पर्यटन क्षेत्रमा हुने श्रम समस्याहरु जसको कारणले आन्तरिक तथा बाह्य पर्यटकमा पर्ने नकारात्मक प्रभाव ।
- अप्रत्याशित रुपम घट्ने पर्यटक प्रतिकुलकताका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरु, प्राकृतिक तथा दैविक प्रकोपहरुको प्रभाव ।

(ख) रणनीतिः

- सम्भावित प्राकृतिक तथा दैविक प्रकोपहरुबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न विपद व्यवस्थापनलाई मध्यनजर गर्दै प्रतिकुल अवस्थामा पनि व्यवसायको निरन्तरताको लागि आवश्यक कार्यहरु गर्ने,
- अन्य बाह्य समस्या तथा चुनौतीहरुलाई सामना गरि त्यसलाई अवसरको रुपमा लिई कम्पनीको हितमा प्रयोग गर्न उच्च व्यवस्थापन सदैव सक्रिय रहने,
- कम्पनीको व्यवसायलाई समय समयमा मुल्याङ्कन गरि व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार व्यवस्थापनमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने,
- ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय सेवाहरु प्रदान गर्दै, थप ताजगी तथा नयाँपन प्रदान गर्नको लागि होटलको आवश्यक मर्मत, सुधार तथा सम्भार, रोगेगन आदि जारी राख्ने,
- कम्पनीका सम्पूर्ण संयन्त्रहरुको समुचित सदुपयोग गरी होटल संचालन तथा व्यवस्थापन न्यूनतम खर्चमा गर्दै स्वदेशी तथा विदेशी ग्राहकहरुलाई अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय सेवा, सुविधाहरु उपलब्ध गराई लक्ष्य अनुसारको आम्दानी हासिल गर्न नयाँ बजार तथा गुणस्तरीय ग्राहकहरुको खोजी गर्ने ।

६. संस्थागत सुशासन

कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा अनुपालन गरेको छ । साथै आन्तरिक नियन्त्रण तथा नियमन प्रणाली चुस्त राख्न, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप पारदर्शी र व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरिएको छ । कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाह्य लेखा प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने र संचालक समितिले आवश्यक निर्देशन दिने गर्दछ । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत उच्च व्यवस्थापनका जिम्मेवारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणामुखी कार्यहरु गर्दै आइरहेका छन् ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

अनुसूचि-१

Statement of Financial Position

As on Dec 31, 2023 Second Quarter (Fiscal Year 80-81)

Amount in NRS

Particulars	Unaudited As on 31-Dec-23	Unaudited As on 30-Sep-23	Unaudited As on 31-Dec-22
Assets			
Non Current Assets:			
Property, Plant and Equipment	1,716,222,556	1,711,636,895	1,726,333,451
Right of Use	38,911,458	39,408,643	40,905,657
Intangible Assets	800,951	236,361	152,336
Work in Progress	686,915		6,510,561
Total Non-Current Assets	**1,756,621,880**	**1,751,281,899**	**1,773,902,005**
Current Assets:			
Inventories	19,136,094	19,772,090	22,203,967
Trade and Other Receivables	206,325,325	188,314,290	203,320,610
Advance & Deposit	291,307,374	299,848,276	203,892,654
Investment	1,699,373,292	1,116,495,944	1,285,574,809
Cash and Cash Equivalents	154,472,944	546,568,172	120,668,851
Total Current Assets	**2,370,615,029**	**2,170,998,772**	**1,835,660,891**
Total Assets	**4,127,236,909**	**3,922,280,671**	**3,609,562,896**
Equity & Liabilities			
Equity:			
Share Capital	1,886,654,000	1,886,654,000	1,886,654,000
Reserves	861,050,982	701,822,430	540,137,897
Total Equity	**2,747,704,982**	**2,588,476,430**	**2,426,791,897**
Liabilities:			
Non Current Liabilities:			
Employee Benefits	62,077,630	67,095,441	61,589,786
Deferred Tax Liabilities	85,218,591	85,218,591	83,918,727
Lease Liability	44,765,822	44,765,822	44,368,142
Total Non-Current Liabilities	**192,062,043**	**197,079,854**	**189,876,655**
Current Liabilities			
Unsecured Loans	30,240,320	37,319,054	38,810,817
Trade and Other Payables	885,816,085	981,396,009	886,216,811
Employee Benefit and Provisions	271,413,479	118,009,324	67,866,716
Total Current Liabilities	**1,187,469,884**	**1,136,724,387**	**992,894,344**
Total Liabilities	**1,379,531,927**	**1,333,804,241**	**1,182,770,999**
Total Equity and Liabilities	**4,127,236,909**	**3,922,280,671**	**3,609,562,896**

Statement of Profit & Loss Account

Particulars	Unaudited Period Ended 31-Dec-23	Unaudited Period Ended 30-Sep-23	Unaudited Period Ended 31-Dec-22
Revenue from Operations	638,553,836	232,262,110	531,179,093
Other Income	75,658,291	29,850,608	93,133,351
Total Income	**714,212,127**	**262,112,718**	**624,312,444**
Operational Expense and Other Costs of Operation	331,818,852	125,680,507	325,711,612
Administrative Overhead	117,221,215	63,913,880	133,218,659
Profit Before Depreciation, Amortization and Tax	**265,172,060**	**72,518,331**	**165,382,173**
Depreciation and Amortization Expenses	34,537,407	14,883,357	30,566,765
Profit Before Tax	**230,634,653**	**57,634,974**	**134,815,408**
Current tax	49,009,864	12,247,432	28,648,274
Deferred tax (Income)/ Expense	-	1,299,864	-
Profit After Tax	**181,624,789**	**44,087,678**	**106,167,134**

Note: *If The Statutory audit or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly.*